annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ६५ पृष्ठ १० | काठमाडौं, बिहीबार १९ असार २०८२ | आषाढ शुक्लपक्ष अष्टमी नेपाल संवत् ११४५ | THURSDAY, JULY 3, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

# ५२ संवैधानिक नियुक्ति सर्वोच्चद्वारा सदर

## न्यायाधीशहरूबीच मत विभाजन, बहुमतद्वारा रिट खारेज

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सर्वोच्च अदालतले ५२ जना संवैधानिक आयोगका पदाधिकारी नियुक्तिको निर्णय सदर गरेको छ। तीनथरी रायसहित सर्वोच्चका ५ जना न्यायाधीशको इजलासले बुधबार मध्यराति फैसला गरेको हो।

केपी शर्मा ओली नेतृत्वको अघिल्लो सरकारले अध्यादेशमार्फत कानुन संशोधन गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, मानव अधिकार आयोगलगातका संवैधानिक आयोगमा दुई चरणमा ५२ जना पदाधिकारीको नियुक्तिको सिफारिस गरेको थियो। संसद् विघटन भएको बेला संवैधानिक परिषद्का तीन जना सदस्यको बहुमतका आधारमा गरिएको संवैधानिक नियुक्तिविरुद्ध सर्वोच्चमा रिट परेको थियो। उक्त रिटमाथि पटकपटक पेसी सारिएको थियो। तत्कालीन सरकारले ०७७ माघ २१ मा ३२ जना र ०७८ असार १० मा २० जनाको नियुक्तिको सिफारिस गरेको थियो। सरकारको नियुक्तिअनुसार पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले संवैधानिक आयोगका पदाधिकारी नियुक्त गरेकी थिइन्।

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, न्यायाधीशहरू सपना प्रधान मल्ल, मनोजकुमार शर्मा, कुमार चुडाल र नहकुल सुवेदीको इजलासले मध्यराति फैसला गरेको हो। जसमा प्रधानन्यायाधीश राउत र सुवेदीले पहिलो चरणमा नियुक्त भएका ३२ जनाको नियुक्ति बदर हुनुपर्ने भन्दै (रिट जारी हुने) मत राखेका थिए। तर, उक्त मत अल्पमतमा परेको थियो। सर्वोच्चको यो फैसलासँगै ५२ जना पदाधिकारीले अब पूरै कार्यकाल काम गर्न पाउनेछन्।

न्यायाधीशहरू प्रधान, शर्मा र चुडालले भने रिट खारेज हुने- अर्थात् नियुक्ति सदर हुने मत राखेका थिए। यद्यपि, प्रधानले नियुक्त भएका पदाधिकारीको संसदीय सुनुवाइ गर्न परमादेश जारी गर्दै रिट खारेज हुनुपर्ने राय राखेकी थिइन्। तर, रिट खारेज हुनुपर्नेमा तीन जना न्यायाधीशको मत मिलेपछि बहुमतका आधारमा नियुक्ति सदरको फैसला गरिएको थियो।

फैसलाअघि न्यायाधीशहरूबीच लामो छलफल भएको थियो। बिहानैदेखि ढोका थुनेर न्यायाधीशहरू च्याम्बरमा बसेर छलफलमा जुटेका थिए। १२ घण्टाभन्दा बढीको छलफलपछि उनीहरूले लिखित फैसला तयार परेका हुन्।

संवैधानिक इजलासमा यो मुद्दामा ०८१ माघ ३०, फागुन २१, चैत ६ मा सुनुवाइ भएको थियो। त्यस्तै वैशाख ३, ७, ८, ९, १०, २८ र ३० मा हेर्दा हेर्दैमा राखिएको थियो। जेठ १ को अन्तिम सुनुवाइ पछि २८ जेठको लागि निसु (निर्णय सुनाउने) दिन तोकिएको थियो। त्यो दिन पनि फैसला आएन र असार १८ गतेको मिति तोकिएको थियो।

**५२ नियुक्ति, के हो विवाद ?**

०७५ जेठ ३ मा एमाले र माओवादी केन्द्र मिलेर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बन्यो। नेकपाको नेतृत्व गरेर केपी शर्मा ओली प्रधानमन्त्री बने। प्रधानमन्त्री ओलीको कार्यकाल दुई वर्ष पूरा भएपछि प्रधानमन्त्रीविरुद्ध तत्कालीन नेकपामा चलखेल सुरु भयो। नेकपामा दुई गुट बने। प्रधानमन्त्री एवं नेकपाका प्रथम अध्यक्ष ओली र दोस्रो अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच फरक फरक गुट बने। एमाले पक्षकै माधवकुमार नेपाल समूह प्रचण्ड गुटतिर लाग्यो। प्रधानमन्त्री ओलीले संवैधानिक परिषद्सम्बन्धी कानुन संशोधनका लागि अध्यादेश ल्याए। पार्टीभित्रकै नेताहरू प्रचण्ड र नेपालको विरोधपछि फिर्ता गरियो। तर पार्टीभित्रको विवाद चरम उत्कर्षमा पुगेका बेला ०७७ मंसिर ३० मा प्रधानमन्त्री ओलीले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश जारी गरेर तीन जना पदाधिकारी उपस्थित भए पनि संवैधानिक परिषद्को बैठक बस्न सक्ने र बहुमतका आधारमा निर्णय हुन सक्ने व्यवस्था गरे। संवैधानिक परिषद्मा प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, राष्ट्रियसभा अध्यक्ष, प्रमुख प्रतिपक्ष दलका नेता र उपसभामुख हुने संवैधानिक व्यवस्था छ। त्यो बेला नेकपाकै माओवादी पक्षबाट सभामुख बनेका अग्नि सापकोटा पनि प्रधानमन्त्रीको पक्षमा उभिएनन्।

ओलीको पक्षमा राष्ट्रियसभाका तत्कालीन अध्यक्ष गणेश तिमिल्सिना, प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा थिए। उपसभामुख पद रिक्त थियो। सापकोटा र विपक्ष दलको नेता शेरबहादुर देउवा उनको विपक्षमा थिए। प्रधानमन्त्री ओलीको पक्षमा गणपूरक संख्या पुग्दैनथियो, जसको कारण पटकपटक बोलाइएका संवैधानिक परिषद्का बैठक पनि निरर्थक सावित भएका थिए। कतिपय बैठकमा विपक्षी दलको नेता र सभामुखकै अनुपस्थिति हुन्थ्यो। अध्यादेश जारी भएकै दिन ०७७ मंसिर ३० मा बसेको संवैधानिक परिषद्को बैठकले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तसहित ३८ जनालाई नियुक्ति लागि सिफारिस गरेको थियो। त्यसको लगत्तै नेकपामा भएको चरम विवादले प्रधानमन्त्री ओलीले प्रतिनिधिसभा नै विघटन गरे। ०७७ पुस ५ मा प्रतिनिधिसभाको विघटन भयो। जसले गर्दा संवैधानिक पदाधिकारीको सिफारिसको संसदीय सुनुवाइ हुन सकेन। ०७७ माघ २१ गते संसदीय सुनुवाइ नभएपछि संवैधानिक परिषदबाट सिफारिस भएका ३८ मध्ये अख्तियारको प्रमुख आयुक्तमा प्रेमकुमार राई, राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्षमा टपबहादुर मगरसहित ३२ जनालाई तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले नियुक्त गरेकी थिइन्।

» बाँकी पृष्ठ ६



संवैधानिक इजलासको निर्णय सञ्चारकर्मी तथा पत्रकारहरूलाई जानकारी दिँदै प्रवक्ता अच्युत कुइँकेल। ● अशोक दुलाल

### नियुक्ति सदर गर्ने न्यायाधीश



सपना प्रधान मल्ल | कुमार चुडाल | मनोजकुमार शर्मा

### नियुक्ति बदर गर्ने न्यायाधीश



प्रकाशमान सिंह राउत | नहकुल सुवेदी

### प्रकाशमान सिंह राउत, नहकुल सुवेदीको राय

पहिलो सिफारिसको निर्णयमा बैठकको सूचना नै रीतपूर्वक नदिएको, नियुक्तिको सिफारिस भएको मितिसम्म साविकको ऐन नै लागू भई बैठकको गणपूरक संख्या नपुगेको र प्रतिनिधिसभा विघटन भएपश्चात् मात्र नियुक्तिको सिफारिस संसदीय सुनुवाइका लागि संसद् सचिवालयमा पठाएको जस्ता प्रश्न सन्निहित रहेको देखिएकोमा दोस्रो नियुक्तिका सम्बन्धमा सो बमोजिमको अवस्थाको विद्यमानता देखिएन। यस स्थितिमा उक्त निर्णय बदर हुनुपर्नेसम्मको आधार र कारण देखिन नआएकोले मिति २०७८ वैशाख २६ को संवैधानिक परिषद्को बैठकबाट भएको नियुक्तिको सिफारिस तथा नियुक्ति निर्णयसमेत बदर गरिपाउँ भन्ने हदसम्म रिट निवेदनहरू खारेज हुने ठहर्छ।

### सपना प्रधान मल्लको राय

...तर सुनुवाइ नगरी नियुक्ति गरिएको कार्यको हदसम्म हाल प्रतिनिधिसभा र राष्ट्रियसभा दुवै क्रियाशील र सक्षम देखिएकोले हाल कार्यरत प्रत्यर्थी पदाधिकारीहरूलाई यो फैसला भएको मितिले ४५ दिनभित्र संसदीय सुनुवाइ प्रक्रियामा लैजानु र हाल कार्यरत रहेका पदाधिकारीहरू संसदीय सुनुवाइबाट नियुक्तिका लागि योग्य ठहर भएमा त्यस्ता पदाधिकारीहरूको कार्यकाल साविकमा नियुक्त भएको मितिदेखि नै गणना हुने गरी नियुक्ति शपथको आवश्यक व्यवस्था मिलाउनु परमादेशको आदेश जारी हुने ठहर्छ।

### कुमार चुडाल, मनोजकुमार शर्माको राय

...संवैधानिक परिषद्का सदस्य प्रतिनिधिसभाका तत्कालीन सभामुख रिट निवेदक भए पनि संवैधानिक परिषद्को बैठकमा सहभागी गरिपाउँ निवेदन माग दाबी नभई 'अब आइन्दा त्यस्तो नगर्नू' भन्नेसम्मको परमादेशको आदेश माग गरेको, निज हाल संवैधानिक परिषद्को सदस्य रहेको नभई परिस्थितिमा परिवर्तन भएको समेतका आधार कारणबाट प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिम रिट जारी गर्नुपर्ने अवस्था नदेखिएकोले रिट निवेदन खारेज हुने ठहर्छ।

